फो.नं.: ०१०-५४२०९६

# कालिका गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
धैबुङ्ग रसुवा

३ नं प्रदेश नेपाल

प.सं

च.नं :

## जिबजिबे ग्रामीण अस्पतालको लागि अत्यावश्यक औजार उपकरण खरिद गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्रको सूचना

**सिलबन्दी दरभाउपत्र नं.१/२०७५/०७६**

**दोस्रो पटक प्रकाशित मिति २०७६/३/३ गते**

आ.व. २०७५/०७६ को वार्षिक कार्यक्रम अनुसार यस कार्यालय अन्तर्गतको जिबजिबे ग्रामीण अस्पतालको लागि अत्यावश्यकीय औजार उपकरणहरु सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नको लागि यो दरभाउपत्र आव्हान गरिएको छ।

१ स्थानिय पत्रिकामा प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन(२०७६/०३/१७ गते)को कार्यालय समय भित्र रु. १,०००।- (अक्षेरुपी एक हजार रुपैया) फिर्ता नहुने गरी यस कार्यालयमा नगद बुझाएको सक्कल नगदी रसिद निवेदनसाथ संलग्न राखी कार्यालय समयभित्र दरभाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सक्नेछन्। दरभाउपत्र खरिद गर्नको लागि निवेदकले आ.व. ०७५/७६ का लागि नविकरण गरिएको सम्वन्धित विषयको कारोवार गर्ने गरी इजाजत प्राप्त कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्र, औजार उपकरण व्यवसायी प्रमाण-पत्र, आयकर दर्ता प्रमाण पत्र तथा भ्याट दर्ता प्रमाणपत्र को प्रमाणित प्रतिलिपी र आ.व. २०७४/७५ को कर चुक्ता गरेको प्रमाण पत्र वा करमा विवरण पेश गरेको कागजातका प्रतिलिपिहरू संलग्न राखी दरभाउपत्र फाराम खरिद गर्न निवेदनसाथ पेश गर्नुपर्नेछ।

२ सूचना प्रकाशित भएको मितिले १६ औं दिन(२०७६/०३/१८गते)को १२:०० वजे भित्र खरिद गरेको दरभाउपत्र रीतपूर्वक भरी यस कार्यालय, धैवुङ, रसुवामा सिलवन्दी दरभाऊ पत्र दर्ता गराई सक्नुपर्नेछ। दर्ता भएको दरभाउपत्रहरू १६ औं दिनको २:०० वजे कालिका गाउपालिकामा दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरूको रोवहरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन। दरभाउपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ।

३ सिलवन्दी दरभाउपत्र दर्ता गर्दा जमानत वापत रु.७५०००।- (अक्षरुपी पचहत्तर हजार मात्र) प्राइम कमर्सियल बैंक लिमिटेड कालिकास्थानमा रहेको धरौटी खाता नं. ग ३ ०६६०००२५CA मा जम्मा गर्न वा गाउँपालिकाको कार्यालय मा नगदी रसीद काटी भुक्तानि गरेको सक्कलै बैंक भौचर वा कम्तीमा दरभाउपत्रको मान्य अवधिबाट थप ७५ दिन को म्याद भएको (दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति देखि) मान्यता प्राप्त बैंकको बैंक ग्यारेन्टी जमानत पत्र दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ। दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत भएपछि स्वीकृत अंकको ५% वरावरको रकम सम्झौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको परफरमेन्स वण्ड पेश गर्नु पर्नेछ, र नगद धरौटी राखिएकोमा परफरमेन्स वण्डमा परिवर्तन गर्न पाइने छैन

४. वोलपत्रदाताले कवोल गरेको प्रत्येक आईटमको दररेटलाई अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिईने छ। वोलपत्रमा केरमेट भएको ठाउँमा सहीछाप गरेको हुनु पर्नेछ।

५. नेपाल सरकारको हितलाई ध्यानमा राखी प्राप्त हुन आएका दरभाउपत्र पूर्ण वा आंशिक स्वीकार गर्ने वा रद्द गर्ने जस्ता सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। साथै दरभाउपत्रमा उल्लेख भएका औजार उपकरण परिमाण थपघट हुन सक्नेछ। यसरी थपघट भएतापनि दरभाउपत्रदाताले कवोल गरेकै दररेटमा उपलब्ध गराउनु पर्नेछ। स्वीकृत वजेटको स्थिति अनुसार खरिद गरिनेछ। साथै स्वीकृत भएको दररेट २०७६ साल असार मसान्तसम्मको लागि मान्य हुनेछ।

६. दरभाउपत्रदाताले आफुले खरिद गरेको दरभाउपत्र दर्ता गराउन पर्नेछ। फोटोकपी गरी पेश गरेको दरभाउपत्रलाई मान्यता दिइने छैन। यस कार्यालयबाट प्रमाणित नभएको र एक फर्मले खरिद गरेको दरभाउपत्र अर्को फर्मले दाखिला गर्न पाउने छैन। साथै दरभाउपत्रमा कुनै शर्त राखी पेश गरेमा मान्य हुने छैन।

७ रीत नपुगेको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन। साथै दरभाउपत्र स्वीकृत भएपछि कार्यालयले तोकेको समयावधि भित्र औजार उपकरण बुझाउनु पर्नेछ र तोकिएको सामाग्री बुझाउने समयमा केही अंश अथवा सम्पूर्ण उपकरण बुझाउन नसकेमा सार्वजनिक खरिद सम्वन्धी ऐन, नियम वमोजिम नै कारवाही हुनेछ सम्पूर्ण करहरु दरभाउपत्रदाताले नै व्यहोनु पर्नेछ।

८ कार्यालयमा आपूर्ति गर्न सामानहरूको ढुवानी दरभाउपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ।

९. सप्लाई हुने औजार उपकरणको उत्पादन गर्ने कम्पनि ,वारेन्टि,ग्यारेन्टी अवधि,स्पेशिफिकेसन र फिटिङ तथा संचालन सम्वन्धमा स्पष्ट रुपमा खुलाउनु पर्ने छ।

१० समान स्पेसिफिकेसन भएको औजार उपकरण सप्लाइ गर्न पेश भएको सिलवन्दि दरभाउपत्र मध्ये सबैभन्दा कम वोलकवोल गर्ने फर्म तथा सप्लायर्सको दरभाउपत्र स्वीकृत गरिनेछ। अन्य अवस्थामा सारभुत रुपमा प्रभावग्राहि ठहर भएमा त्यस्तो फर्मको दरभाउपत्र स्विकृत गरीन छ।

११ दरभाउपत्रदाताले खरिद कार्यवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्वन्धी पेशा वा व्यवसाय सम्वन्धी कसुरमा सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणापत्र दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ।

१२ उपरोक्त शर्त बाहेक यसमा नपरेका सर्तहरुमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित ऐन नियम वमोजिम हुनेछ। (यस सम्वन्धी विस्तृत विवरण यस कार्यालयको वेवसाइट www.kalikamunrasuwa.gov.np लग ईन गरि हेर्न सकिने छ।



Scanned by CamScanner

## खण्ड ५.    सामानको मूल्यसूची (Price Schedule)

आपूर्तिकर्ताको नाम : ..........................................

| क्र.सं. | विवरण | परिमाण | प्रति इकाई दर | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | अङ्कमा | अक्षरमा | | |
| 1 | Sodium potassium analyzer | 1 | | | | |
| 2 | Hot air oven | 1 | | | | |
| 3 | Incubator | 1 | | | | |
| 4 | Counting chamber | 1 | | | | |
| 5 | Water bath | 1 | | | | |
| 6 | Glass wares | 1 | | | | |
| 7 | Refrigerator | 1 | | | | |
| 8 | USG with doppler | 0 | | | | |
| 9 | Thyrod seal(X-ray), eye glass | 1 | | | | |
| 10 | Medicine rack | 2 | | | | |
| 11 | Computer for diagonosis | 2 | | | | |
| 12 | Printer normal | 1 | | | | |
| 13 | Printer 3 in one photocopy | 1 | | | | |
| 14 | File folder rack | 2 | | | | |
| 15 | Washing machine | 1 | | | | |
| 16 | Trolley for Transportation | 1 | | | | |
| 17 | Waste management trolley - 5 bucket | 1 | | | | |
| 18 | Ambubag Neonatal size | 1 | | | | |
| 19 | Baby weighing machine-Digital | 1 | | | | |
| 20 | BP set ,stethescope | 5 | | | | |
| 21 | Forcep delivery set | 1 | | | | |
| 22 | Oxygen concentrator | 1 | | | | |
| 23 | IV stand | 5 | | | | |
| 24 | Foldable wheelchair | 1 | | | | |
| 25 | Cardiac monitor | 2 | | | | |
| 26 | Light portable and fixed | 1 | | | | |

कालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धैबुङ, रसुवा
३ नं. प्रदेश, नेपाल
२०७३

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 27 | I & D set | 1 | | | | |
| 28 | OT Table | 1 | | | | |
| 29 | Suture set | 1 | | | | |
| 30 | Chemical balance | 1 | | | | |
| 31 | Suction machine | 1 | | | | |
| 32 | Foot suction machine | 1 | | | | |
| 33 | Nebulizer set | 1 | | | | |
| 34 | Instrument Trolley | 3 | | | | |
| 35 | Pulse oxymeter | 1 | | | | |
| 36 | Electro surgical cautery | 1 | | | | |
| 37 | Infusion pump | 1 | | | | |
| 38 | patient bed | 6 | | | | |
| 39 | Fetal USG Doppler | 2 | | | | |

जम्मा मुल्य रु ............................................................ (अक्षरमा) ............................................................

दरभाउपत्रदाताको सहिछाप ............................................................

Scanned by CamScanner